# बाँके जिल्लाको पत्रकारिता सङ्क्षिप्त इतिहास

पूर्णलाल चुके

वाँके जिल्लाको पत्रकारिताको इतिहासलाई खोतल्दा यसलाई तीन कालखण्डमा विभाजन गर्न सकिन्छ। २०११ सालवाट पत्रिकाको प्रारम्भ भएकोले त्यसलाई प्रारम्भिककाल मानिएको र त्यसपछि क्रमशः पत्रकारिता विकास भएकाले मध्यकाल र आधुनिककाल भनिएको हो।

(क) प्रारम्भिककाल (२०११-२०३०)
(ख) मध्यकाल (२०३१-२०४६)
(ग) आधुनिककाल (२०४७ पछि)

**(क) प्रारम्भिककाल** (२०११-२०३०)

वि.सं. २०११ मा महावीरप्रसाद गुप्ताको सम्पादनमा हिन्दी भाषामा प्रकाशित विचार प्रधान साप्ताहिक *नयाँ सन्देश* नै पहिलो पत्रिका भएको देखिन्छ। प्रजा परिषद्को आर्थिक सहयोगमा भारतको लखनऊ (नेपालगञ्जवाट १९० कि.मी. टाढा) वाट मुद्रित यो साप्ताहिक फाटफुट रूपमा एक वर्षसम्म मात्र छापिएको र अर्थाभावको कारण वन्द भएको कुरा स्वयं उहाँले नै यस पङ्क्तिकारलाई वताउनुभएको थियो। महावीरप्रसाद गुप्ता सम्वाद समितिको पहिलो समाचारदाता पनि हुनुहुन्थ्यो। भारतीय सीमासँग जोडिएको हुँदा हिन्दीभाषीहरूलाई नै लक्षित गरेर सामाजिक, राजनीतिक एवं धार्मिक तथा समसामयिक विषयवस्तुलाई समेटेर यो पत्रिका प्रकाशित भएको वुझिन्छ।

त्यसपछि २०१२ मा वव्रुवाहन सिंह र अनिरूद्रप्रसाद सिंहको सम्पादनमा *मङ्गल ज्योति* नामक पत्रिका मङ्गल माध्यमिक विद्यालयले मुखपत्रको रूपमा १ अङ्क मात्र प्रकाशन गरेको थियो। विद्यालयकै आन्तरिक स्रोतवाट प्रकाशित यो पत्रिका विद्यालयको मुखपत्रको रूपमा प्रकाशित भएको कारण विद्यालयको शैक्षिक गतिविधिलगायत शिक्षक र विद्यार्थीहरूवाट रचना गरिएका साहित्यिक सामग्रीहरूलाई नै प्राथमिकता दिएर छापिएको थियो। यस पत्रिकामा विशुद्ध शैक्षिक र साहित्यिक लेखरचना प्रकाशित गरिएका थिए। विद्यालयका शिक्षक परिवार, अभिभावक, विद्यार्थीहरू एवं स्थानीय वजारमा मात्र *मङ्गल ज्योति*को वितरण थियो। यसलाई वजारमा विक्रीको लागि राखिएको तथ्य भने फेला परेको छैन।

यसको ठीक पाँच वर्षपछि २०१६ सालमा योगेश्वर मिश्रद्वारा हिन्दी भाषामा *मातृभूमि* साप्ताहिक तत्कालीन वडाहाकिमको लिखित इजाजतमा केही वर्ष छापिएको देखिन्छ। वाँके वर्दिया गोश्वाराका वडाहाकिमको कार्यालयद्वारा यो पत्रिका प्रकाशनको

लागि नेपाली कागजमा हातले लेखिएको इजाजत पत्र प्रदान गरिएको थियो। त्यसवेला नेपालगञ्जमा कुनै पनि प्रेस नभएकोले रूपैडिया भारतवाट छाप्ने गरी इजाजत पत्रमै उल्लेख गरिएको छ। पछि २०१८ सालतिर यस क्षेत्रकै पहिलो प्रेस 'पाटन प्रेस' स्थापना भएपछि यो पत्रिका नेपालगञ्जमै छापिन थाल्यो। वडाहाकिम समेतको जागिर खाइसकेका र राजावाट राजसभाको सदस्य समेत भैसक्नुभएका स्वर्गीय मिश्र तत्कालीन अवस्थामा समाजका एक सचेत वुद्धिजीवी एवं आर्थिक रूपमा पनि सम्पन्न भएको र राजनीतिमा समेत रुचि भएको कारण आफ्नै लगानीमा मातृभूमि नामक छापाखाना स्थापना गरी *मातृभूमि* पत्रिका प्रकाशन गर्नुभएको हो। यो पत्रिका पनि वाँके जिल्ला र सिमापारीको वजारमा नै सीमित भएको र व्यावसायिक दृष्टिकोणवाट प्रकाशित नभएकाले गर्दा आर्थिक भार धान्न नसकेकै कारण प्रकाशन वन्द भएको थियो। *मातृभूमि* साप्ताहिकमा तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक एवं समाजमा घट्ने रोचक घटनाहरूका साथै विकृतिहरूलाई पनि प्रकाश्य सामग्री वनाएको देखिन्छ।

२०१८ सालमा शिक्षा र साहित्यप्रति अभिरुचि राख्नेहरूमध्ये मोहनलाल श्रेष्ठ प्रभाकर, वि. विकास, इन्द्रमणि मानव र जगतवहादुर सिंहको प्रयासवाट *नौलो पाइलो* (मासिक) प्रकाशित भयो। निजी स्रोतवाट प्रकाशित यो पत्रिका पनि आर्थिक भार धान्न नसकेकै कारण वन्द हुन पुग्यो। तत्कालीन अवस्थामा विज्ञापन नपाइने र विक्री हुने सम्भावना पनि कम भएकाले छपाइ खर्च पनि उठ्न नसकेकै कारण दुई अङ्कभन्दा वढी जीवित राख्न सम्पादकहरू सफल भएनन्। यस पत्रिकामा साहित्यिक लेखरचना एवं समसामयिक लेख, रचना, चुट्किलाहरू समावेश गरी पाठकहरूलाई रोचक खुराक दिने प्रयास गरिएको देखिन्छ।

यस क्षेत्रकै अग्रज साहित्यकार इन्द्रमणि मानवको सम्पादन, प्रकाशन र वि.विकासको सह-सम्पादनमा *राष्ट्रिय आह्वान* साप्ताहिक छापिन थाल्यो। यस पत्रिकाको नामको पछाडि २०२१ मङ्सीर १ देखि "*पंचायती व्यवस्थाको प्रवुद्ध प्रहरी*" भन्ने वाक्यांश थपिएको र यसवीच मोहनलाल श्रेष्ठ, जगतवहादुर सिंह, कृष्णविक्रम शाह पनि सम्पादक मण्डलमा हुनुहुन्थ्यो। यस पत्रिकालाई व्यवस्थाको वकालत गर्ने मुखपत्रका रूपमा लिंदा सायदै अतिसयोक्ति होला। यस पत्रिकामा छापिने सामग्रीहरू पनि पञ्चायती व्यवस्थाकै पक्षमा वढी केन्द्रित रहेका र ताजा घटना लगायत साहित्यिक, समसामयिक एवं अन्य विविध विषयवस्तुलाई आफ्नो प्रकाश्य सामग्री वनाएको देखिन्छ। केही अङ्क प्रकाशित भएपछि अर्थाभावको कारण २०२२ सालमा यो प्रकाशन वन्द भएको देखिन्छ।

वाँके जिल्लाको पत्रकारिताको इतिहासको प्रारम्भिककालको एक दशकमा पाँचओटा पत्रिका मात्र प्रकाशित भएका देखिन्छन्। तत्कालीन अवस्थामा साहित्यप्रति रुचि राख्ने, सामाजिक सोंच भएका समाजका प्रवुद्ध मानिएका चलतापुर्जा व्यक्तिहरूले आफ्नो सोखको लागि र आफूभित्र गुम्सिएका प्रतिभा र खुल्दुलीलाई समाजसामु राख्ने उद्देश्यले पत्रपत्रिकाहरू प्रकाशित गर्ने जमर्को गरेको पाइन्छ। पत्रिकाको वजार विस्तार गर्ने, प्रवर्द्धन गर्ने, ग्राहक वनाएर विज्ञापन सङ्कलन गरेर

अर्थार्जन गर्ने उद्देश्य राखिएको देखिँदैन। लेख रचनाका स्रोत आफैं खोज्नु पर्ने अवस्था थियो। फलानोले कविता लेख्छ वा लेख्ने अभिरुचि राख्छ भन्ने थाहा पाएको आधारमा उनीहरूसँग अनुरोध गरेर लेख रचना सङ्कलन गर्ने, समाजमा पढेलेखेका प्रवुद्ध व्यक्तिहरू, शिक्षक प्राध्यापकहरूलाई यस पत्रिकाको लागि यस अवसरमा केही लेखिदिनुहोस् न भनेर आग्रह गर्ने चलन थियो। विशेष गरेर त्यसवेलाका साहित्यिक लेख रचनाहरू स्तुतिवादी, प्रकृतिवादी र शृङ्गारिक हुन्थे।

साप्ताहिक समाचारपत्रका सामग्रीहरूमा औपचारिक कार्यक्रम, स्थानीय स्तरमा घट्ने घटनाहरू, रेडियोवाट टिपिएका विश्व घटनाका समाचारहरू, अनौठा घटनाहरू र राजनैतिक व्यवस्थाकै पक्षमा लेखिएका विवेचनात्मक लेखहरू हुन्थे। मुख्यतया कार्यक्रमहरूका आयोजकहरू, आफ्ना साथीभाइ, ईष्टमित्र, सामाजिक सोंच भएका चल्तापूर्जा व्यक्तिहरू नै समाचारका प्रमुख स्रोत हुन्थे।

२०२२ सालतिर जगतवहादुर सिंहको सम्पादनमा *राष्ट्रदूत* (मासिक) ४ अङ्क छापिएको थियो। त्यस्तै २०१७ मा पञ्चायती व्यवस्थाको प्रादूर्भावपछि अञ्चल पञ्चायतले सिर्जना गरेको साहित्यिक र साँस्कृतिक समितिले २०२५ सालमा वभ्रुवाहन सिंह र गोपालवहादुर सिंहको सम्पादनमा *भेरी* र पछि *भेरी सन्देश* नामक पाक्षिक पत्रिका प्रकाशन गरेको देखिन्छ। यसअघि खड्गवहादुर सिंह, गोपालवहादुर सिंह, अनिरूद्र सिंह र इन्द्रमणि मानवको सम्पादनमा अञ्चल पञ्चायतले *पञ्चायत* द्वैमासिक पत्रिका ४ अङ्कसम्म प्रकाशित गरेको देखिन्छ। यस वीच २०२१ सालमा नेपालगञ्ज नगर पञ्चायतले *नगर पञ्चायत वुलेटिन* पाक्षिक पत्रिका मोहनलाल श्रेष्ठको सम्पादनमा केही अङ्क छाप्यो। यसका अतिरिक्त महावीर गुप्ता र इन्द्रमणि मानवको सम्पादन र पाटनदीन गुप्ताको प्रकाशनमा *अनुराधा* मासिक नेपाली र हिन्दी भाषामा केही अङ्क प्रकाशित भयो। इन्द्रमणि मानव र जगतवहादुर सिंहको संयुक्त सम्पादनमा *स्वराष्ट्र* भन्ने पत्रिका पनि छापिएको देखिन्छ। भेरी अञ्चलको सदरमुकाम नेपालगञ्जमा थुप्रै सामयिक सङ्कलन, साहित्यिक, मासिक, द्वैमासिक आदि पत्रिकाहरू छापिदै वन्द हुँदै गएको देखिन्छ। जस्तै भेरी साहित्य विकास समितिद्वारा प्रेमप्रकाश मल्ल, नन्दराम लम्साल, वि. विकास र सनत रेग्मीको सम्पादनमा *सिर्जना* त्रैमासिक, भेरी अनुसन्धान केन्द्रद्वारा चोलराज शर्मा, जनार्दन आचार्य समेतको सम्पादनमा *अनुसन्धान* (सामयिक सङ्कलन) महेन्द्र पुस्तकालयद्वारा सनत रेग्मी र वि. विकासको सम्पादनमा *महेन्द्र शौरभ*, सनत रेग्मी र दिनेशमणि त्रिपाठीको सम्पादनमा *वर्तमान* मासिक आदि प्रकाशित भएका थिए। नारायणप्रसाद शर्मा गैरे र टुनानाथ भट्टराईले *शुभेच्छा* गोजिका (मासिक) प्रकाशित गर्ने जमर्को गर्नुभए पनि केही अङ्क प्रकाशित भएपछि प्रकाशन स्थगित भएको थियो।

यस वाहेक २०३० साल पूर्व शैक्षिक निकायहरूवाट विभिन्न किसिमका त्रैमासिक, अर्द्धवार्षिक, वार्षिक वुलेटिन र सामयिक सङ्कलनहरू प्रकाशन भएको पाइन्छ। विक्रीको हकमा त्यो वेला छापिने पत्रपत्रिकाहरू कतिपय आर्थिक रूपमा सम्पन्न, तर अलि चेतना र रुचि भएका व्यक्तिहरू र साहित्यानुरागीहरूले किनेर पनि पढ्ने गर्दथे। पर्याप्त प्रेस स्वतन्त्रता नभएका अवस्थामा कविता र अन्य

व्यङ्ग्यात्मक लेख रचनाहरूमार्फत समाजमा विद्यमान विकृति, विसङ्गति एवं असन्तुष्टिहरूलाई अभिव्यक्त गर्ने माध्यमको रूपमा पनि त्यसवेलाका बुद्धिजीवीहरूले पत्रिकाको उपयोग गर्दथे। त्यसलाई समाचारपत्रहरूले अनुकरण गरेर केही हदसम्म भए पनि सामाजिक विकृतिहरूलाई समाजमा उजागर गरेर चित्त बुझाउने गर्दथे।

**(ख) मध्यकाल** (२०३१-२०४६)

यसरी २०११ सालदेखि जन्मदै र हुर्कन नपाउँदै मृत्युको मुखमा होमिन वाध्य भएको यस क्षेत्रको पत्रकारिताले २०३१ सालपश्चात् नयाँ काँचुली फेरेको अनुभूति हुन्छ। २०३१ सालदेखि नेपालगञ्जवाट महावीरप्रसाद गुप्ता र विजयकुमार गुप्ताको सम्पादन एवं श्रीमती किरणप्रभा गुप्ताको प्रकाशनमा छापिन लागेको *किरण* साप्ताहिकले आजसम्म आफूलाई जीवित राख्न सफल भएको छ। यस पत्रिकामा २०३६ सालपछि प्रधान सम्पादकको रूपमा पन्नालाल गुप्ता कार्यरत हुनुहुन्छ। त्यस्तै २०३१ सालमै सेती अञ्चलको धनगढीवाट प्रभात भण्डारीको सम्पादन र प्रकाशनमा छापिन थालेको *सुरमा सरोवर* साप्ताहिक २०३४ सालमा नेपालगञ्जमा दर्ता सारेर छापिएको थियो।

२०३१ सालदेखि भैरहवावाट प्रकाशित हुने *निष्पक्ष ध्वनि* (पछि *विचार*) साप्ताहिक र काठमाडौंको *हिमाली हुलाक* साप्ताहिकको क्षेत्रीय कार्यालय खोली क्षेत्रीय प्रतिनिधिको रूपमा पूर्णलाल चुके र २०३५ सालतिर *विचार* साप्ताहिकको अञ्चल प्रतिनिधिको रूपमा हेमन्त कर्माचार्य क्रियाशील हुनुभयो। २०३४ सालमा लुम्विनी अञ्चलवाट लेखनाथ ज्ञवाली आएर *मातृभूमि* साप्ताहिकको प्रतिनिधित्व गर्नुभएको थियो भने नेपाली पत्रपत्रिकाको विक्री गर्ने पसल समेत नभएको नेपालगञ्जमा भेरी न्युजसेण्टर नामक पत्रिका पसल सञ्चालन गरेर पत्रकारिताको विकासमा थप योगदान दिनुभएको थियो। २०३२ सालपछि लियाकत अलीको सम्पादनमा *सङ्कल्प* साप्ताहिक, जितवहादुर वि.सी.को सम्पादनमा *पर्यवेक्षक* साप्ताहिक र पूर्णलाल चुकेको सम्पादनमा *जनमत* दैनिक प्रकाशित हुन थाले। २०३७ सालमा प्रेम कैदीले *मालिका*को अस्थायी दर्ता लिएर केही समयसम्म प्रकाशित गर्नुभयो।

२०३९ सालमा आएको नयाँ प्रेस नीतिपश्चात् पत्रपत्रिका दर्ता गर्ने प्रक्रिया केही सरल भएका कारण पत्रपत्रिका दर्ता गर्ने लहर नै आयो र यस क्षेत्रमा रुचि हुनेहरूले धमाधम समाचारपत्रहरू दर्ता गर्न थाले। यही नीतिअन्तर्गत परमानन्द मिश्रले *प्रकाश* साप्ताहिक र पूर्णलाल चुकेको सम्पादन र सुशीला चुकेको प्रकाशनमा *जनमत* अर्द्धसाप्ताहिकले विधिवत दर्ता पायो। यसैगरी २०४० सालतिर दर्ता भएको पन्नालाल गुप्ताको सम्पादन र प्रकाशनमा *जय नेपाल* दैनिक र प्रभात भण्डारीको सम्पादन प्रकाशनमा *नेसनल टाइम्स* दैनिक केही समय छापियो र वन्द भयो भने लियाकल अलिले *सङ्कल्प* साप्ताहिक, जितवहादुर वी.सी.ले *पर्यवेक्षक* साप्ताहिक, राजेन्द्र सिंह राठौरले *निर्भीक* साप्ताहिक, प्रेम कैदीले *युगधारा* साप्ताहिक (पछि काठमाडौं स्थानान्तरण भयो), राधेश्याम शर्माले *आदर्श मञ्च* पाक्षिक (पछि साप्ताहिकमा परिवर्तन भयो), गोपालवहादुर सिंहले *भेरी सन्देश* साप्ताहिक, मणिलाल गुप्ताले *लोकमत,* (साप्ताहिक), रामगोपाल वैश्यले *शङ्खनाद* (साप्ताहिक) प्रकाशित गर्ने इजाजत

पाउनुभयो। यसमध्ये *शङ्खनाद* मात्र प्रकाशित भैरहेको देखिन्छ। २०४२ सालसम्म राजधानी यो क्षेत्रवाट ज्यादै टाढा थियो र वर्षाभरि महिनौ दिनसम्म एकमात्र यातायातको साधन हवाई सेवा वन्द भएर कैयौं दिनसम्म सम्पर्क विच्छेद नै हुन्थ्यो। १५-२० दिनपछि राजधानीको अखवार आउने गर्थ्यो। तर २०४२ पछि पूर्व-पश्चिम महेन्द्र राजमार्ग चालु भएपछि मात्र राजधानीसँग दैनिक सम्पर्क हुन सक्यो। यही दशकमा महेन्द्र वहुमुखी क्याम्पसका प्राध्यापक तुलसीमान अमात्य र पशुपति तिमल्सेनाको सम्पादनमा जनजागृति साँस्कृतिक मञ्चद्वारा *चिप्लेटी* (सामयिक सङ्कलन) एक अङ्क प्रकाशित गरिएको थियो। कर्मचारी मिलन केन्द्र बाँकेले *मिलन* वार्षिक मुखपत्र प्रकाशन गर्दै आएको थियो र विगत दुई वर्षदेखि यो प्रकाशित भएको देखिँदैन।

यस कालखण्डमा पत्रपत्रिकाहरू केही हदसम्म भए पनि व्यावसायिकतातर्फ उन्मुख भएका देखिन्छन्। पहिलेको तुलनामा विज्ञापन सङ्कलनमा वृद्धि, ग्राहक वन्ने प्रवृत्तिमा केही सुधार, पत्रपत्रिका किनेर पढ्ने प्रवृत्तिको केही हदसम्म भए पनि विकास भएको देखिन्छ। यस अवधिसम्ममा पत्रकारिता क्षेत्रमा संलग्न व्यक्तिहरूको विज्ञापन र ग्राहक शुल्कवाट सङ्कलन हुने रकमवाट आफू पनि वाँच्ने र पत्रिकाहरूलाई पनि वचाउने गरिन्थ्यो। किनकि त्यसवेला कुनै पनि समाचारपत्रले तलव दिएर प्रतिनिधि र समाचारदाता नियुक्त गर्दैनथे। प्रतिनिधि र समाचारदाताले पत्रिकाको वजार पनि हेर्नुपर्ने हुन्थ्यो। त्यसैले पनि त्यसवेला पत्रकारहरूमा दोहोरो दायित्व थियो।

यस अवधिमा छापाखानाहरू पनि थपिंदै गएका र पुरानै मुद्रण प्रविधिमा भए पनि दैनिक समाचारपत्रको दर्ता गरेर नियमित रूपमा प्रकाशित गर्ने प्रयास भएको देखिन्छ। सरकारी तथा अर्धसरकारी विज्ञापन, पर्व, शुभ-जन्मोत्सव, उत्सव र व्यापारिक आदि विज्ञापनहरू उपलव्ध हुने गरेकै कारण पत्रपत्रिका प्रकाशनप्रति आकर्षण वढेको पाइन्छ। त्यसवेलाका पत्रिकाहरूको मुख्य आर्थिक स्रोत पनि यही नै थियो। २०३७ सालमा तत्कालीन श्री ५ वीरेन्द्रवाट शाही प्रेस आयोगको गठन गरेर पत्रकारिताको विकास, सुधार आदिवारे सुझाव सङ्कलन गरिएकाले पनि यस क्षेत्रमा आकर्षण वढेको हुनसक्छ।

यस अवधिमा प्रकाशित हुने पत्रपत्रिकाहरूको समाचारको प्रमुख स्रोतमध्येमा पत्रिकाका समाचारदाताहरू, सरकारी र गैरसरकारी कार्यालयहरू (औपचारिक कार्यक्रमहरू, विकास निर्माणका गतिविधिहरू आदि) नै थिए। प्रकाश्य सामग्रीहरूमा राजनीतिक, सामाजिक, आर्थिक पक्षमा लेखिएका समाचार, लेख रचना, फिचर पञ्चायती व्यवस्थाको पक्ष र विपक्षमा लेखिएका विवेचनात्मक लेख टिप्पणीहरू, साहित्यिक लेख रचनाहरू नै प्रमुख थिए। कर्मचारी मिलन केन्द्रद्वारा प्रकाशित गरिने मुखपत्रमा भने विभिन्न जिल्लाहरूवाट जागिरको सिलसिलामा विभिन्न सरकारी र गैर सरकारी कार्यालयहरूमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूका अन्तरनिहित प्रतिभालाई उजागर गर्ने उद्देश्यले साहित्यक लेख रचनाहरू र केन्द्रमा गतिविधि छापिने गर्थे।

राजनीतिक मिसनकै लागि प्रकाशित गरिएका पत्रिकाले पञ्चायत विरोधी राजनीतिक लेख रचना र टिप्पणीहरूलाई प्राथमिकताका साथ छाप्ने गर्दथे। जसले गर्दा वेलावेलामा सम्पादक प्रकाशकहरूलाई स्थानीय प्रशासनवाट पूर्जी काट्नाले हाजिर हुन पथ्र्यो र वयान दिनु पर्ने हुन्थ्यो। यस कालखण्डमा राजसंस्थाप्रति अनास्था जगाउने खालका, राजसंस्थाप्रति व्यङ्ग्य गरिएका लेख रचना र समाचारहरू छाप्ने, मुद्राराक्षसको कारण नाम गल्ती छापिएमा पनि समाचारपत्रहरू माथि प्रतिवन्ध लाग्ने, सम्पादक प्रकाशकले प्रहरी हिरासत र कारावासको सजायँ भोग्नुपर्ने, छापाखानामा ताला लाग्ने जस्ता कठिन परिस्थितिको पनि सामना गर्नुपर्ने वाध्यता थियो।

पत्रिकाहरूले ओगटेको भौगोलिक क्षेत्रलाई दृष्टिगत गर्दा वाँके जिल्ला, छिमेकी जिल्लाहरू र राजधानीका प्रमुख सरकारी निकायहरूमा वितरण गरिन्थ्यो। तर प्रचारको रूपमा मात्र वितरण गरिने पूर्ण रूपमा व्यावसायिकतातर्फ अग्रसर नभएकै कारण वाँके जिल्लावाहिरका वजार र ग्राहकवाट पत्रिकाको शुल्क भने आउँदैनथ्यो। वरू निःशुल्क पत्रिका पठाएको नाताले कहिलेकाहीँ सरकारी निकायहरूवाट छापिने विज्ञापनहरू दिँदा त्यस्ता पत्रिकाहरूलाई प्राथमिकता दिने गरिन्थ्यो।

यस अवधिमा पत्रिका दर्ता गर्दा आवश्यक पर्ने वाञ्छनीय योग्यताको दरिलो आधार अवलम्वन नभएको कारण अनि प्रतिस्पर्धाहीन भएकै कारण पनि पत्रकारिता क्षेत्रमा प्रवेश गर्ने अधिकांश व्यक्तिहरू वेरोजगार, पर्याप्त शिक्षा आर्जन नगरेकाहरू हुने गर्थे। पत्रकारिता जस्तो अत्यन्तै जिम्मेवारीपूर्ण पेसाप्रति धेरै पढेलेखेकाहरूको आकर्षण थिएन। जसले गर्दा अपेक्षित रूपमा स्तरीय पाठ्य सामग्रीहरू पनि हुँदैनथे। उता सीमापारिका भारतीय अखवारहरूसँग प्रतिस्पर्धा गर्ने स्थिति नै थिएन। त्यसकारण पनि यस अवधिमा दर्ता भएका पत्रिकाहरू मध्ये तीनओटा *(किरण, जनमत, शङ्खनाद)* वाहेक सवैजसो पत्रिकाहरू वन्द छन्। तर कुनै कुनै पत्रिकाहरू भने विज्ञापन पाएको वेला र पर्व एवं शुभजन्मोत्सवको अवसर पारेर छापिने गरिएका छन्।

राज्यको तर्फवाट दिइने सहयोग सुविधाहरूमा नियमित रूपमा प्रकाशित हुने पत्रपत्रिकाहरूलाई प्रेस काउन्सिलद्वारा गरिने वर्गीकरणको आधारमा श्री ५ को सरकार सूचना विभागवाट अखवारी कागज सहयोग गर्ने गरिएको थियो। तर अरू खास सहयोग राज्यको तर्फवाट उपलव्ध गराइएको थाहा पाइएको छैन। नेपालगञ्जवाट प्रकाशित हुने पत्रिकाहरूमध्ये *आजको सामना* साप्ताहिक र अन्य एकाध पत्रिकाहरूले धार्मिक समाचार सामग्री र लेख रचनालाई वढी प्राथमिकता दिएको देखिन्छ। त्यस किसिमका सामग्रीहरू मात्र मन पराउने निश्चित पाठकहरूलाई लक्षित गरेर आफ्नो अखवारमा स्थान दिएको देखिन्छ।

## आधुनिककाल (२०४७ पछि)

*सुरमा सरोवर* साप्ताहिकका संस्थापक सम्पादक प्रभात भण्डारीको असामयिक निधनपछि २०४७ मा प्रजातन्त्रको पुनर्वहालीको लगत्तै भाद्र महिना (२०४७ साल)मा उक्त साप्ताहिकको नाम परिवर्तन गरी *चौतारी* साप्ताहिकको नामवाट उहाँका ज्येष्ठ सुपुत्र प्रतीक भण्डारी, दिवाकर शर्मा, नारायण ज्ञवाली र रामप्रसाद गौतमद्वारा समूहगत रूपमा छाप्ने प्रयास गरिए तापनि २०४८ साल भाद्रपछि प्रकाशन वन्द भयो र पुनः छाप्ने जमर्को कतैवाट भएन। एक वर्षको अवधिमा *चौतारी* साप्ताहिकलाई

सञ्चालकहरूले वामपन्थीहरूको गतिविधि र विचारलाई विशेष प्राथमिकताका साथ स्थान दिने गरेका थिए। यसमा समावेश सामग्रीहरू अधिकांश राजनीतिक हुन्थे, तापनि सवै पक्षका पाठकहरूले पढ्ने गर्दथे। तर यो पनि दिगो भने रहन सकेन। संस्थापक सम्पादकको निधनपश्चात् छोराहरू पनि जागिरमा लागेको कारण आफ्नै छापाखाना भएर पनि वाध्यतावश पत्रकारिता पेसालाई तिलाञ्जलि दिई पत्रिकाको प्रकाशन वन्द गर्नुपरेको कुरा *सुरमा सरोवर*को सम्पादन र मुद्रणमा समेत सहयोगीको भूमिका खेल्दै आउनु भएकी स्व. भण्डारीकी धर्मपत्नी श्रीमती तिलोत्तमा भण्डारी वताउनुहुन्छ।

*जनमत* अर्धसाप्ताहिक अफसेट मुद्रण प्रविधिवाट १४ पुस २०५२ मा पहिलो पटक प्रकाशित भएपछि यस क्षेत्रकै अफसेट प्रविधिवाट प्रकाशित हुने पहिलो पत्रिका वन्न पुग्यो। अफसेट प्रविधिवाट छापिन थालेपछि नेपालगञ्जका सक्रिय पत्रकारहरू हेमन्त कर्माचार्य, जे.पाण्डे, नरेन्द्र जङ्ग पिटर, राजेन्द्र ज्ञवालीको समूहले करिव दुई वर्षसम्म समूहगत रूपमा प्रकाशन गरेको *जनमत* विविध सामग्री र नियमित स्तम्भहरूका साथ वजारमा आयो। यसका कतिपय अङ्कहरू दुई पटकसम्म पुनर्मुद्रित भएको कुरा प्रकाशक सुशीला चुके वताउनुहुन्छ। *जनमत*ले यस क्षेत्रमै पहिलो पटक गाईजात्रा विशेषाङ्क प्रकाशित गर्ने परम्पराको सुरुआत गरेको थियो भने काठमाडौंमा सन् १९८७ मा आयोजित तेस्रो सार्क शिखरसम्मेलनको विशेषाङ्क, तत्कालीन श्री ५ महाराजाधिराज तथा श्री ५ वडा महारानी सरकारको शुभजन्मोत्सव विशेषाङ्क, प्रजातन्त्र दिवस आदिमा विशेषाङ्कहरू प्रकाशित गरेर वेला वेलामा पुरस्कृत पनि हुने गरेको थियो। सरकारी र अर्धसरकारी विज्ञापन नै प्रमुख आय स्रोतको रूपमा रहेको, २०५६ पश्चात् नेपालगञ्जवाट नियमित रूपमा दैनिक अखवार प्रकाशित हुन थालेपछि विज्ञापन आउन शून्यप्रायः भएको वर्तमान अवस्थामा यदि आफ्नै छापाखाना नभएको भए *जनमत*लाई नियमित रूपमा छाप्नै नसकिने धारणा *जनमत*का व्यवस्थापक सचित थापाको छ।

वाँके जिल्ला प्रशासन कार्यालयवाट आ.व. ०४७/४८ पछि माधवकुमार शाहको सम्पादन र शकुन्तला शाहको प्रकाशनमा *नयाँ नेपाल टाइम्स* (साप्ताहिक) ले इजाजत पायो भने महेन्द्रराज शर्माले *विचार* (साप्ताहिक) दर्ता पाएर पनि नाम जुधेकोले *हलचल* नाम राखेको र त्यो नाम पनि जुधेकाले पछि *नयाँ हलचल* साप्ताहिकको नाममा स्थायी दर्ता पाएर केही समय छापिएको, उदय श्रेष्ठले *निष्पक्ष ध्वनि* (साप्ताहिक) र *पश्चिमाञ्चल* (साप्ताहिक), शिवराज पाण्डेले *विकल्प* (साप्ताहिक) सुशीला चुकेले *दैनिक गतिविधि,* वासुदेव श्रेष्ठले *उज्यालो* (साप्ताहिक) को सम्पादन र प्रकाशन गर्ने अनुमति पाउनुभयो। दिवाकर शर्माले *नवसंसार विशेषाङ्क* साप्ताहिकको इजाजत लिनुभयो। त्रिलोचन शर्मा र राजेन्द्र ज्ञवालीले *परिक्रमा* साप्ताहिक (*क्रान्तिदूत*वाट नाम परिवर्तन) विधुप्रकाश कायस्थले *नेपालगञ्ज पोस्ट (अर्ध साप्ताहिक)* र *नेपालगञ्ज* दैनिक, मोहम्मदहारून हलवाईले *नशेमन* (साप्ताहिक) र हेमन्त कर्माचार्यले *कालपृष्ठ* (साप्ताहिक) को इजाजत पाउनुभयो भने रेशम विरहीको सम्पादन तथा प्रकाशनमा ललितपुरमा दैनिकको रूपमा दर्ता भएको *समानान्तर* वाँके जिल्लामा साप्ताहिकको रूपमा दर्ता भै नेपालगञ्जवाट प्रकाशित भैरहेकोमा हाल

*नशेमन* साप्ताहिक मात्र नियमित रूपमा प्रकाशित भैरहेको छ। तर कुनैकुनै पत्रिका भने यदाकदा विज्ञापन पाएको वेला छापिने गर्दछन्। यस तथ्यले के कुरा उजागर गर्छ भने यसरी पत्रिका वन्द हुनुमा आर्थिक समस्या नै प्रमुख छ। यसवारे *नयाँ नेपाल टाइम्सका* सम्पादक माधवकुमार शाह भन्नुहुन्छ- "पत्रिकाहरू यसरी वन्द हुनुमा आर्थिक स्रोत नै प्रमुख कारण हो। विज्ञापन नपाएर पनि २०/२५ वर्षदेखि नियमित रूपमा छापिएका पत्रिकाले अप्रत्यक्ष रूपमा सहयोग पाइरहेका यसरी आफ्नो छापाखाना नभएर पनि नियमित रूपमा छाप्न सकेको हो।"

जनवरी १९९८ मा महेन्द्र वहुमुखी क्याम्पसका सह-प्राध्यापकद्वय राजकुमार सुवेदी र प्रकाश लामिछानेको सम्पादनमा *वौद्धिक लेखमाला* (मासिक) प्रकाशन प्रारम्भ भयो र पछि केही अङ्क प्रकाशित भएर वन्द भयो। स्थानीय एक माध्यमिक विद्यालयका प्रधानाध्यापक लोकनाथ वर्माले स्थानीय अवधी भाषामा *ग्रामदीप* साप्ताहिकको प्रकाशन गर्ने इजाजत पाए तापनि पछि *एड्स* साप्ताहिक सञ्चालन गर्नुभएको छ। यस पत्रिकामा एड्ससम्वन्धी समाचार सामग्रीहरूलाई प्रमुखता दिएको देखिन्छ, तर हाल प्रकाशन वन्द छ। २०५४/५५ मा अजयकुमार गुप्ताले *आजको सामना* साप्ताहिकको इजाजत पाउनुभएको छ र केही समय स्थगित भै २०५८ भाद्रदेखि पुनः छापिन थालेको छ।

शिव डोटेलको सम्पादन र विष्णुप्रसाद श्रेष्ठको प्रकाशनमा २०५६ असोज २० देखि *नेपालगञ्ज एक्सप्रेस* दैनिक नियमित रूपमा प्रकाशित भै नेपालगञ्ज लगायत यस भेगमा राम्रै वजार लिइसकेको छ। यो अखवार नियमित रूपमा प्रकाशित हुन थालेपछि यस भेगका पाठकहरूमा पत्रिका पढ्ने वानीको विकास भएको अनुभव हुन्छ। यसको विक्री वितरणको कार्यजाल राम्रो देखिन्छ। पर्याप्त मात्रामा सरकारी, अर्धसरकारी र व्यापारिक विज्ञापनहरू पाउन सकेको देखिन्छ, जसले गर्दा यसको नियमिततामा थप ऊर्जा प्रदान गरेको छ। तर केही महिनादेखि छ पेजवाट चार पेजमा प्रकाशित हुन थालेको र अधिकांश भाग विज्ञापनहरूले स्थान ओगट्ने गरेको गुनासो यसका नियमित पाठकहरूले गर्न थालेका छन्।

यसैगरी २०५७ भाद्रमा शरद के.सी.को प्रकाशन र सम्पादनमा दर्ता भै असोज महिनादेखि प्रस्तावित वागेश्वरी टाइम्स प्रकाशन प्रा.लि.का लागि श्यामकुमार शर्माद्वारा प्रकाशित भनी *वागेश्वरी टाइम्स* दैनिक पहिले ठूलो र पछि सानो आकारमा नियमित रूपमा प्रकाशित भए पनि २०५८ कार्तिक ७ गते पछि प्रकाशन वन्द भएको छ। यस दैनिकमा लगानीकर्ताहरू धेरै थिए भने युवा पत्रकारहरू शरद के.सी., कृष्ण अधिकारी, झलक गैरे आदि पछिसम्म संलग्न थिए। यो पत्रिका वन्द भएपछि *नेपालगञ्ज एक्सप्रेसको* एकाधिकार कायम रहेको छ र प्रतिस्पर्धारहित छ।

वाँकेमा चारजना मात्र जनजाति पत्रकारहरू सक्रिय पत्रकारितामा लागेका देखिन्छन् भने दलित वर्गवाट कोही पनि यस पेसामा क्रियाशील देखिदैनन्। मुस्लिम समुदायवाट चारजना यस पेसामा सक्रिय देखिन्छन्। महिला पत्रकारहरू त्यति सक्रिय र निरन्तर रूपमा संलग्न भएको देखिदैन। तैपनि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा मुना श्रेष्ठ *(उज्यालो)* किरणप्रभा गुप्ता *(किरण)*, सुशीला चुके *(गतिविधि, जनमत)* सुमनरानी

मिश्र *(प्रकाश)*, शकुन्तला शाह *(नयाँ नेपाल टाइम्स)* र अनुषा ढुङ्गाना *(मातृ सन्देश)* संलग्न भएको देखिन्छ। तर हाल क्रियाशील महिला पत्रकारमा सुश्री करुणा थापा मात्र हुनुहुन्छ। उहाँ *नेपालगञ्ज एक्सप्रेस* र *नेपाल समाचारपत्र*मा समाचार सम्प्रेषण गर्नुहुन्छ। यस वाहेक नेपालगञ्जमा राष्ट्रिय समाचार समितिले करिव ३० वर्ष अघि कार्यालय स्थापना गरी समाचार सम्प्रेषण सेवा दिंदै आएको छ। २०५४ सालदेखि कोहलपुरवाट *नेपाल टेलिभिजन*ले आफ्नो क्षेत्रीय र केन्द्रीय प्रसारण गर्दै आएको छ। वाँके जिल्लाका सवै पत्रिकाहरू अफसेट प्रविधिमा मुद्रित हुन थाले पनि *शङ्खनाद* भने पुरानो लेटर प्रेस प्रविधिमै मुद्रित भैरहेको छ।

त्यस्तै राजधानी र अन्य ठाउँका पत्रिकाको सम्वाददाताको रूपमा यज्ञविक्रम शाही-*कान्तिपुर*, सिराजुद्दिन खान-*हिमालय टाइम्स* र *नेपाली पत्र साप्ताहिक*, जे. पाण्डे-*कान्तिपुर*, कृष्ण अधिकारी र शुक्रऋषि चौलागाई *स्पेसटाइम दैनिक*, तेज कुमार शर्मा-*गोरखापत्र*, गोपी वूढा र जनक नेपाल-*नेपाल समाचारपत्र* दैनिक, दिनेश गौतम-*नयाँ युगवोध दैनिक*, रामेश्वर वोहरा-*राजधानी दैनिक*, शङ्कर खनाल र यमनाथ घिमिरे-*नेपालगञ्ज एक्सप्रेस* नेपालगञ्जमा क्रियाशील भएको देखिनुहुन्छ।

विद्युतीय सञ्चार माध्यममा क्रियाशील पत्रकारमा पोषण के.सी. *रेडियो नेपाल* र शरद के.सी. *रेडियो नेपाल* र *वीवीसी नेपाली* सेवामा हुनुहुन्छ भने शिव डोटेलले विगत एक वर्षदेखि *नेपाल टेलिभिजन कोहलपुर प्रसारणको* छलफल नामक एक साप्ताहिक कार्यक्रम सञ्चालन गरिरहनुभएको छ।

नेपालगञ्जका केही नवोदित कलिला साहित्यिक प्रतिभाहरूको प्रयासमा खोलिएको नवप्रतिभा समूहद्वारा *पुस्तक नेपाल* लगायत केही नव युवकहरूको सम्पादनमा *दौंतरी* सामयिक संकलन केही अङ्क प्रकाशित भएको थियो। क्षेत्रीय सञ्चार स्रोत केन्द्रवाट आधारभूत पत्रकारिता तालिम प्राप्त पहिलो समूहका केही युवकहरूले *अनुशीलन* नामक मासिक केही अङ्क प्रकाशित गरेका थिए। तेस्रो समूहले *मिर्मिरे सामयिक* पत्रिका एक अङ्क प्रकाशित गरेको थियो।

यसरी पश्चिम नेपालकै प्रमुख व्यापारिक एवं औद्योगिक केन्द्र र हरेक दृष्टिकोणवाट केन्द्रविन्दु मानिने वाँके जिल्लाको नेपालगञ्जवाट थुप्रै पत्रिकाहरू दर्ता भै छाप्ने जमर्को गरिए तापनि नियमित रूपमा प्रकाशित हुन नसक्नुमा आर्थिक स्रोतलाई मात्र प्रमुख कारणको रूपमा लिन सकिँदैन। यस पेसामा प्रवेश गर्न खोज्ने कतिपय व्यक्तिमा पेसागत प्रतिवद्धता नहुनु, लगनशीलता नुहुनु पनि अर्को कारकका रूपमा देखिन्छ। कतिपय पत्रिकाहरूले निरन्तरता पाउन नसक्नुमा पत्रकारिता क्षेत्रमा वढी आकर्षण भएको ठानेर यस पेसामा कुनै अनुभव र दक्षता नभएरै वा अरू स्थायी पेसामा क्रियाशील भएर पनि पत्रिका दर्ता गर्ने गरिएकाले पनि हो। दलीय र राजनीतिक उद्देश्य प्राप्तिको लागि पत्रिका दर्ता गर्ने गरिएको, तर अपेक्षित रूपमा उपलव्धि हासिल हुन नसकेपछि पत्रिकाको प्रकाशन नै वन्द गर्ने प्रवृत्ति पनि अर्को कारण हुन सक्छ। वर्षभरि एक अङ्क नछापे पनि इजाजत रद्द नहुने र कुनै सरकारी निकायवाट खोजीनीति नहुने गरेको कारण पनि पत्रिकालाई नियमित गराउने चासो पत्रकारहरूले नदेखाएका हुन सक्छन्।

●